# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका, तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/१९ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका ऋणी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१३ मा प्रा.फ.र.नं. १६८८७/१६७७/२०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७७/०६/०५ मा करदताको नाम पिंकी साह कारोवारको नाम **नैन्सी फार्मेसी** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३६९७९५८ दर्ता भई धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको नैन्सी फार्मेसी (प्रो. पिंकी साह) ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुँदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्तालाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/**धितो सकार** गरी आंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुँदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाईं जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

## तपसिल

**जमानतकर्ताको विवरण:**

**जमानतकर्ता : संजय साह** (ना.प्र.नं. १९२०९७/५७, जारी मिति २०६४/०९/१९, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगाना : सर्लाही जिल्ला बरहथवा न.पा. वडा नं. ८ ।
बाबु : शंकर साह तेली । बाजे : अनुपलाल साह तेली ।


**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**


Size: 3x14